अनुसूची-२

(नवौं नगरसभा अधिवेशनको दोस्रो वैठकको निर्णय नं. २ सँग सम्बन्धित)

"समृद्ध बाणगङ्गाको मूल आधार: कृषि, पर्यटन, वातावरण, पूर्वाधार र रोजगार"

# आ.व.०७८।७९ को लागि नगर उपप्रमुख श्री चक्रपाणी अर्यालद्वारा

# नवौं नगरसभामा प्रस्तुत बजेट तथा कार्यक्रम

सभाध्यक्ष महोदय,

नगरसभाका सदस्यज्यूहरु, नगरसभाका सचिवज्यू, नगरपालिकाका कर्मचारीहरु !!

१. गरिमामय नवौ नगरसभाको प्रथम वैठकबाट स्वीकृत नीति तथा कार्यक्रमको अधीनमा रही आगामी आर्थिक वर्ष ०७८।७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा सम्मानित सभाप्रति आभार व्यक्त गर्न चाहान्छु ।

२. सर्वप्रथम देश र जनताको लागि बलिदान दिनुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै घाईते, बेपत्ता, पिडित परिवार र सम्पुर्ण नगारिक प्रति बाणगङ्गा नगरपालिकाको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु ।

३. कोभिड -१९ को कांरण मृत्यु भएका सबै मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्न चाहन्छु । त्यसैगरी हाल उपचार गराइ रहनु भएका सम्पूर्ण सक्रमित नगरवासीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोभिड -१९ को दोश्रो भेरियन्टको कारण समग्र राष्ट्रको साथै हाम्रो नगर समेत हामीले अनुमान गरेभन्दा जटिल र विषम हुन पुग्यो । उक्त महामारीको नियन्त्रण रोकथाम र उपचारको लागि नगरका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सरोकारवाला संघसंस्थाहरु, राष्ट्रसेवक कर्मचारी लगायत सबै संयन्त्रहरुको सहयोग, सहकार्य र समन्वयकारी भूमिकाप्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु ।

४. बजेट तयार गर्ने क्रममा विगतको अनुभव, माननीय राष्ट्रिय सभा सदस्यज्यू, पूर्व प्रतिनिधि सभा सदस्यज्यू, संविधान सभा सदस्य ज्यूहरु, स्थानीय राजनैतिक दल, नागरिक समाज, निजी क्षेत्र, सहकारी एवं स्थानीय सामुदायिक संघ संस्था, बुद्धिजीवी, टोल विकास संस्था, सञ्चारकर्मी लगायतका क्षेत्रहरुबाट प्राप्त राय, परामर्श, सुझाव लगायतका अन्य विभिन्न क्षेत्रहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेट्दै आ.व.०७८।७९ को बजेट तर्जुमा गरिएको छ ।

५. नेपालको संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, संघिय र प्रदेश सरकारको नीति तथा कार्यक्रम, आवधिक योजना, दिगो विकासका लक्ष्य, विभिन्न ऐन, कानून, नियम र कार्यविधीहरुबाट निर्देशित हुँदै यस नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु ।

६. सम्बृद्ध बाणगङ्गाको मूल आधार कृषि, पर्यटन, वातावरण, पूर्वाधार र रोजगार" को मूल नारालाई मूर्तरुप दिन भरपर्दो सर्वसुलभ, गुणस्तरीय सेवा तथा सुविधा नगरवासीहरुलाई उपलब्ध गराई उनीहरुको जीवनस्तरमा क्रमिक सुधार ल्याउन नगर सरकार दृढ संकल्पित रहेको छ ।

Scanned with CamScanner

७. संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान, स्थानीय साधन र स्रोतको अधिकतम उपयोगबाट प्राप्त हुनसक्ने पूँजीलाई बजेटको प्राथमिकतामा राखि योजनाहरुको बाडँफाँडको व्यवस्था मिलाएको छु। जसबाट उत्पादकत्वमा वृद्धि भई गरिबी न्यूनीकरण र स्वरोजगारका अवसरहरु वृद्धि गर्दै समग्र नगरको समृद्धि हासिल हुने अपेक्षा गरेको छु।

८. बजेटको बांडफांड गर्दा पुँजिगत बजेटको क्षेत्र बढाउने, चालु खर्चमा मितव्ययिता ल्याउने र अनुत्पादक क्षेत्रमा खर्च घटाउने गरी बजेट प्रस्ताव गरेको छु। सार्वजनिक सेवाप्रवाहमा स्थानीय सरकारको भूमिका र संतुलित विकास आयोजनाहरुको कार्यन्वयनको अवस्थालाई ध्यानमा राख्दै चालु आर्थिक वर्षका कार्यक्रमहरुलाई आवश्यकता अनुरुप परिमार्जन, संशोधन र निरन्तरता दिदैं गतिशिल र लगानीमैत्री नगरपालिकाको पहिचान स्थापित हुने गरी बजेट विनियोजन गरेको छु।

९. स्थानीय सरकारको क्षेत्रअधिकार भित्र रहेका कर तथा गैरकर राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखि नगरलाई आत्मनिर्भर बनाउने तर्फ जोड दिएको छु।

१०. कोभिड-१९ को महामारीबाट सबै नगरबासीहरु सुरक्षित रहन विशेष सजकता अपनाउँदै स्वास्थ्य, पूर्वाधार, शिक्षा, वन तथा वातावरण, आर्थिक, सामाजिक र सांस्कृतिक विकासलाई प्राथमिकतामा राखि बजेट विनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

११. अब म नेपाल सरकारले लिएको "संबृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांशा पुरा गर्न यस बाणगङ्गा नगरपालिकाबाट आ.व २०७८/७९ को लागि तयार गरिएको बार्षिक बजेट तथा कार्यक्रमको उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- सबै किसिमका बिपद र महामारीबाट नगरवासीहरुको जीवन रक्षा गर्ने।
- पूर्वाधारहरुको निर्माण एंव दिगोपना मार्फत नगरबासीहरुको गुणस्तरीय जीवनको प्रबर्द्धन गर्ने।
- गुणस्तरीय सार्वजनिक सेवा प्रबाह गर्दै सुशासनलाई सस्थागत गर्ने।
- न्याय र नैतिकताका आधारित हिंसा रहित स्वस्थ र मर्यादित जीवनशैली युक्त समाज निर्माण गर्ने।
- नगरको विकास र सम्मृद्धिका लागि सहकार्य र सामुहिकताको सस्कारलाई प्रबर्द्धन गर्ने।
- वातावरणीय सन्तुलन सहितको दिगो तथा उत्थानशील विकास प्रक्रियालाई संस्थागत गर्ने।

सभाध्यक्ष महोदय,

१२. अब म बाणगङ्गा नगरपालिकाको आ.व २०७८/७९ को बार्षिक बजेट तथा कार्यक्रमको प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- रणनीतिक महत्वका आयोजनाहरु निर्माण, अधुरा आयोजनाहरुको निरन्तरता र सम्पन्न योजनाहरुको मर्मत सम्भार गरी त्यसको दिगोपना सुनिश्चितता।
- स्वास्थ्य पूर्वाधारहरुको विकास र विस्तार गरी गुणस्तरीय एंव सर्व सुलभ स्वास्थ्य सेवा प्रदान।
- कृषि क्षेत्रमा ज्ञान, सीप तथा पूजी परिचालन गरी उत्पादन अभिबृद्धि मार्फत रोजगारी सिर्जना र गरीवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने।

Scanned with CamScanner

- समाजमा विद्यमान सबै किसिमका असमानता एंव हिंसाको निवारण गर्दै सम्पूर्ण वर्ग, क्षेत्र र समुदायको सशक्तिकरण एंव मूल प्रवाहीकरण गर्ने।
- सीपमूलक एंव व्यवसायीक कार्यक्रम प्रबर्द्धन गर्नुका साथै उद्यमशील संस्कृति विकास गर्दै स्वरोजगार सिर्जना गर्ने।
- धार्मिक, सास्कृतिक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण एंव प्रबर्द्धन गर्दै पर्यटन विकास मार्फत पर्यटन क्षेत्रबाट प्राप्त लाभको स्थानीयकरण गर्ने।

सभाध्यक्ष महोदय,

अब म गत आर्थिक वर्षको यथार्थ र चालु आर्थिक वर्षको समष्टिगत प्रगति विवरण प्रस्तुत गर्न चाहन्छु।

१३. गत आ.व.२०७६/०७७ को आम्दानी र खर्चको प्रगति संक्षिप्त समीक्षा गर्दा कुल बजेट रु १ अरब १२ करोड ४७ लाख मध्ये चालु खर्चतर्फ रु.७३ करोड ७४ लाख १२ हजार ३ सय ९० बिनियोजन गरिएकोमा रु ६८ करोड ९५ लाख १७ हजार २ सय ७७ खर्च भई ९३.५ प्रतिशत र पूँजीगत खर्चतर्फ रू.३६ करोड ८१ लाख ९८ हजार ३ सय ९७ बिनियोजन गरिएको मध्ये रु ३२ करोड ३४ लाख ३१ हजार २ सय ६८ खर्च भई ८७.८४ प्रतिशत गरी जम्मा रु ९१.६२ प्रतिशत खर्च भएको थियो। चालु आ.व.२०७७/०७८ को आम्दानी र खर्चको प्रगतिको संक्षिप्त समीक्षा गर्दा कुल बजेट रु १ अरब १८ करोड ३५ लाख ६५ हजार ४ सय ३० मध्ये चालु खर्चतर्फ रु.६८ करोड ५३ लाख १० हजार ९५ र पूँजीगत खर्चतर्फ रू.४९ करोड हजार ८२ लाख ५५ हजार ३ सय ३५ खर्च अनुमान रहेको थियो। जसमध्ये २०७८ साल जेष्ठ मसान्तसम्म स्थानीय संचित कोषमा प्राप्त भएको रु.१ अरब २१ करोड ३८ लाख ८० हजार ४ सय ५ प्राप्तहुन आएको र चालु खर्च तर्फ रू.४६ करोड १७ लाख ५ हजार तथा पुँजीगततर्फ रू.२२ करोड ५२ लाख ८८ हजार खर्च भएको ब्यहोरा सम्मानीत यस सभामा जानकारी गराउन चाहान्छु।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्षको समष्टिगत प्रस्तावित आम्दानी र खर्चको विवरण प्रस्तुत गर्न चाहन्छु।

१४. गत आ.व.२०७६/०७७ को आम्दानी र खर्चको प्रगति संक्षिप्त समीक्षा गर्दा कुल बजेट रु १ अरब १२ करोड ४७ लाख मध्ये चालु खर्चतर्फ रु.७३ करोड ७४ लाख १२ हजार ३ सय ९० बिनियोजन गरिएकोमा रु ६८ करोड ९५ लाख १७ हजार २ सय ७७ खर्च भई ९३.५ प्रतिशत र पूँजीगत खर्चतर्फ रू.३६ करोड ८१ लाख ९८ हजार ३ सय ९७ बिनियोजन गरिएको मध्ये रु ३२ करोड ३४ लाख ३१ हजार २ सय ६८ खर्च भई ८७.८४ प्रतिशत गरी जम्मा रु ९१.६२ प्रतिशत खर्च भएको थियो। चालु आ.व.२०७७/०७८ को आम्दानी र खर्चको प्रगतिको संक्षिप्त समीक्षा गर्दा कुल बजेट रु १ अरब १८ करोड ३५ लाख ६५ हजार ४ सय ३० मध्ये चालु खर्चतर्फ रु.६८ करोड ५३ लाख १० हजार ९५ र पूँजीगत खर्चतर्फ रू.४९ करोड हजार ८२ लाख ५५ हजार ३ सय ३५ खर्च अनुमान रहेको थियो। जसमध्ये २०७८ साल जेष्ठ मसान्तसम्म स्थानीय संचित कोषमा प्राप्त भएको रु.१ अरब २१ करोड ३८ लाख ८० हजार ४ सय ५ प्राप्तहुन आएको र चालु खर्च तर्फ रू.४६ करोड १७ लाख ५ हजार तथा पुँजीगततर्फ रू.२२ करोड ५२ लाख ८८ हजार खर्च भएको ब्यहोरा सम्मानीत यस सभामा जानकारी गराउन चाहान्छु।

सभाध्यक्ष महोदय,

अब म चालु आ.व.को समष्टिगत प्रगति प्रस्तुत गर्न चाहन्छु।

१५. चालु आर्थिक वर्षको आन्तरिक आम्दानीको समिक्षा गर्दा प्रस्तावित आय रू.४ करोड ७३ लाख ९३ हजार ४ सय ६५ अनुमान गरिएकोमा २०७८ जेष्ठ मसान्तसम्म रू.३ करोड १७ लाख ४५ हजार ८ मात्र असुली भई ६७ प्रतिशत

Scanned with CamScanner

आन्तरिक आयतर्फको लक्ष्य हासिल गरिएको छ भने कुल बजेट रू.१ अरब १८ करोड ३५ लाख ६५ हजार ४ सय ३० मध्ये जेष्ठ मसान्तसम्म कुल बजेट रू १ अरव २१ करोड ३८ लाख ८० हजार ४ सय ५ प्राप्त भएको छ।

१६. चालु आर्थिक वर्षको खर्चको संक्षिप्त समिक्षा गर्दा प्रस्तावित आय रू.१अरब १८ करोड ३५ लाख ६५ हजार ४ सय ३० अनुमान गरिएको मध्ये २०७८ जेष्ठ मसान्तसम्म रू.४६ करोड १७ लाख ५ हजार चालु खर्च र रू.२२ करोड ५२ लाख ८८ हजार पुँजिगत खर्च भई ५८ प्रतिशत बजेट खर्च भएको छ।

१७. २०७८ आषाढ मसान्तसम्मको शंसोधित आय रु १ अरब २२ करोड ६५ लाख ४० हजार अनुमान गरिएको मध्ये चालु खर्च तर्फ रु ६३ करोड ४ लाख ८६ हजार ७४ र पूँजिगत खर्च तर्फ रु ४८ करोड १६ लाख ९३ हजार ८ सय ५५ गरी जम्मा १ अरब ८ करोड २१ लाख ७९ हजार ९ सय २९ खर्च भई ९० प्रतिशत खर्च हुन सक्ने शंसोधित अनुमान गरिएको छ।

१८. पूर्वाधार निर्माण तर्फ चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा १२ कि.मी. नाली निर्माण, ८ कि.मी. सिचाई कुलो निर्माण र १२.५ कि मी. सडक कालोपत्रे सम्पन्न भएका छन्। करिव ६ कि.मी. सडक कालोपत्रे हुने अवस्थामा रहेको छ। २३ कि. मि. सडक स्तरोन्नति, ४० कि. मी. सडक ग्राभेल, १२ वटा खानेपानी ट्यूवेल निर्माण र ३३ स्थानमा कल्भर्ट निर्माण सम्पन्न भई सकेका छन्। भवन तर्फ शिक्षा पूर्वधार २० वटा, मठ मन्दिर ३१ वटा, बिभिन्न सस्थागत संरचना र भवन मर्मत ४० वटा, खेल मैदान ८ वटा र पोखरी ताल तलैया ६ वटा मर्मत गर्ने कार्य सम्पन्न भएको छ भने १२ वटा विद्यालयका भवन सम्पन्न हुने अवस्थामा रहेका छन्। क्रमागत योजना अन्तर्गत वडा न ३ को प्रशासनिक भवन, कृषि उपज संकलन केन्द्र र औधोगिक ग्रामको कार्य संचालन भै रहेको छ।

१९. चालु आर्थिक वर्षमा कृषि उत्पादनलाई आधुनिकीकरण गर्न उन्नत जातको वीउ बिजन, कृषि औजार र सामग्रीहरु कृषक तथा कृषक समूहहरुलाई निःशुल्क तथा लागत साझेदारीमा वितरण गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि भएको छ।

२०. कृषक एबं पशुपालकहरुको माग लाई आवश्यकता बमोजिम पहिचान गरी सिमित साधन र स्रोतको बाबजुद विभिन्न अनुदान दिने कार्यक्रमहरु सम्पन्न गरिएको छ भने सहकारीहरुको व्यवस्थापन तथा एकिकरणका लागि पहल भैरहेको छ।

२१. सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत व्यवस्थित रुपमा सरलीकरण गरी प्रत्येक वडामा सहज पहुँच हुनेगरी वितरण गर्ने व्यवस्था मिलाईएको छ।

२२. कोभिडको दोश्रो भेरियन्टको रोकथाम र उपचारका लागि आवश्यक पर्ने अक्सिजन आपूर्तिको सहज व्यवस्था मिलाईएको छ।

२३. आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लक्षित वर्गको समान पहुँच स्थापित गरिएको छ। समावेशी सहभागीता सहित सीमान्तकृत समुदायको सामाजिक रुपान्तरणका लागि विनियोजित लक्षित तर्फका आय आर्जन तथा सिपमुलक कार्यक्रमहरु कोभिड-१९ को महामारीका कारण प्रभावित भएका छन्।

२४. शिक्षातर्फ सामुदायिक र संस्थागत विद्यालयका बीचमा शिक्षामा गुणस्तरीयता र पहुँचमा समानता स्थापित गरी विभेदपूर्ण शिक्षा प्रणालीको अन्त्य गरिएको छ भने विद्यार्थी संख्याको आधारमा सामुदायिक विद्यालयहरु समायोजन गर्ने कार्यको सुरुवात गरिएको छ।

२५. कोभिड-१९ को दोस्रो भेरियन्टसबाट विश्वनै प्रभावित भईरहेको अवस्थामा पनि आम नगरवासीको निःशुल्क आधारभूत स्वास्थ्य सेवामा सुलभ र सरल पहुँचका लागि उच्च प्राथमिकता राखी आवश्यक जनशक्ति र पर्याप्त औषधिको ब्यबस्था गरिएको छ भने आधारभुत स्वास्थ्य सेवा नगरको सबै वडाबाट संचालन गरिएको छ।

Scanned with CamScanner

२६. कोरोना महामारीका कारण प्रभावित नगरबासीहरुको एन्टिजेन्ट तथा पि.सी.आर. प्रविधीबाट परीक्षण गरी कोरोना भाईरस पोजेटिभ देखिएका बिरामीहरुलाई होम तथा संस्थागत आईसोलेशनमा राखि औषधी उपचार गर्ने व्यवस्था मिलाईएको छ भने नगरभित्र उपचार हुन नसक्ने जटिल संक्रमितलाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गरी लुम्बिनी प्रादेशिक अस्पताल बुटबल तथा अन्य अस्पताल सम्म पुर्याउने व्यवस्था मिलाईएको छ ।

२७. कोभिड १९ को महामारीबाट संक्रमित भई ज्यान गुमाएका मृतकहरुको परिवारसँगको समन्वयमा सव व्यवस्थापन गरिएको छ ।

२८. सिद्धार्थ क्याम्पस बुंङ्चीमा अक्सिजन सहितको आईसोलेशन वार्ड निर्माण गरी सेवा प्रदान गरिएको छ । होम आईसोलेसनमा रहेका संक्रमितहरुलाई घरमै गई स्वास्थ्य परामर्श सेवा प्रदान गर्ने व्यवस्था मिलाएको छु । कोरोना नियन्त्रण, रोकथाम र उपचारका लागि नगर प्रकोप व्यवस्थापन कोष परिचालन गर्ने व्यवस्था मिलाईएको छ ।

२९. कोरोना महामारीका कारण नेपाल सरकारले लकडाउनको घोषणा गरेको अवस्थामा पनि नेपाल सरकारले तोकेका मापदण्डहरु पुरा गरी कार्यालयबाट प्रदान गरिने सबै सेवाहरु सहजरुपमा प्रदान गरिएको छ ।

३०. नगरलाई बालमैत्री नगर घोषणा गर्न बालमैत्री स्थानीय शासनले अबलम्वन गरेका सुचकहरुलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याई २०७८ आषाढ मसान्तसम्म बालमैत्री नगर घोषणा गर्ने तयारी भैरहेको छ साथै यसको दिगोपनाको लागि आवश्यक वजेटको व्यवस्था मिलाइएको छ ।

३१. योजना संचालन गर्दा प्रकोप उत्थानशील, वातावरणमैत्री, ज्येष्ठ नागरीकमैत्री, बालमैत्री, तथा अपाङ्ग मैत्री स्थानीय शासनका आधारभुत सुचकहरुलाई आधार मानी कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको छ ।

३२. नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रविधि मैत्री बनाईएको छ । कर संकलनका लागी प्रत्येक वडामा सफ्टवेयर जडान गरिएको छ । सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता सुशासनका औजारहरुको प्रयोग गर्दै पारदर्शीता, उत्तरदायित्व, जवाफदेहिता र जनविश्वास आर्जन गर्ने ब्यवस्था मिलाइएको छ ।

३३. न्यायीक समिति अन्तर्गत गत आ.व.मा १० वटा उजुरीहरु जिम्मेबारी सारिएकोमा ८ वटा फछ्यौट भै २ वटा तामेलीमा रहेका छन भने चालु आ. व. मा १८ वटा उजुरी दर्ता भएकोमा ४ वटा उजुरीलाई किनारा लगाइ १४ वटा उजुरीहरु फछर्यौटको प्रकृयामा रहेका छन । स्थानीय स्तरमा सिर्जना हुन सक्ने सामान्य विवादहरुको निरुपणको लागि मेलमिलाप केन्द्रहरुको व्यवस्थापन र मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्धिको व्यवस्था मिलाईएको छ ।

सभाध्यक्ष महोदय,

३४. प्रत्येक वडाको संतुलित विकासको लागि न्युनतम ५० लाख र जनसंख्या, भूगोल र वडागत राजश्व असुलीका आधारमा सुत्र मार्फत थप रकम विनियोजन गरेको छु । जसका लागि कुल जम्मा रु.१२ करोड ५० लाख वडागत बजेट बिनियोजन गरेको छु ।

३५. कृषि क्षेत्रको विकासका लागी ८५ प्रतिशत अनुदानमा साना सिँचाई कार्यक्रम तर्फ रु.२४ लाख, ५० र ७५ प्रतिशत अनुदान दिने गरी मागमा आधारित व्यवसायिक कृषि कार्यक्रम संचालनका लागी रु.३५ लाख बजेटको व्यवस्था मिलाएको छु ।

३६. तरकारी खेती प्रबर्द्धन गर्नका लागि सिडकिट खरीद गरी निशुल्क बितरण गर्नका लागि रु.१० लाख बजेट विनियोजन गरेको छु ।

३७. माटो जाँच शिबिर, आई. पि. एम. कृषक पाठशाला, आकस्मिक बाली संरक्षण, कृषि मेला प्रदर्शनी, बाली उपचार शिबिर, परम्परागत तथा रैथाने बाली प्रबर्द्धनका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

Scanned with CamScanner

३८. धान उत्पादन प्रबर्द्धन, खाद्यान्न बालीको उन्नत वीउ, धान वालीको साना व्यवसायीक कृषि उत्पादन केन्द्रका साथै उन्नत वीउ बितरणका लागि प्रोत्साहन जस्ता कृषि कार्यक्रम संचालनका लागि रू.६३ लाख बजेट विनियोजन गरेको छु।

३९. साना व्यवसायीक कृषि उत्पादन केन्द्र कृषि तथा पशु कार्यक्रमका लागि रू.२३ लाख बजेट विनियोजन गरेको छु।

४०. किसान सुचीकरण, कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक, बाली कटानी तथा तथ्यांक अद्यावधिक जस्ता कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४१. पशु आहार सेवाका लागि हिउदे, वर्षे र बहु वर्षे घाँस, बर्षिम तथा विभिन्न प्रजातिका घाँस बिउ खरिद गरी वितरण गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४२. पशु उपचार कार्यक्रम अन्तर्गत औषधि खरिदका लागी लागि रु.१३ लाख बजेटको व्यवस्था मिलाएको छु। साथै पशु बीमा कार्यक्रम सञ्चालन गर्न आबश्यक बजेटको व्यवस्था मिलाएको छु।

४३. गाई, भैसी, कुखुरा, बाख्रा, बंगुर र माछा जस्ता पशुपालन व्यवसायहरु प्रोत्साहनका लागि अनुदानमा आधारित विभिन्न कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४४. पशु स्वास्थ्य नियमन, पशु आहार सेवा, पशु स्वास्थ्य तथा उपचार, पशु रोग तथा प्रयोगशाला, कृतिम गर्भाधान, पशु खोप सेवा लगायत मासु मिसन जस्ता पशु विकास कार्यक्रम संचालनका लागि रु.६० लाख ५० हजार बजेट विनियोजन गरी पशु सेवा कार्यक्रम प्रबर्द्धनका लागि प्रोत्साहान गरेको छु।

४५. युवाहरुलाइ रोजागारीमा आकर्षित गर्न कामका लागि पारिश्रमिक कार्यक्रमका लागि रु.६९ लाख ६३ हजार रकम विनियोजन गरेको छु।

४६. बैदेशिक रोजगारलाइ सुरक्षित, मर्यादित, भरपर्दा वनाउन समुदाय अभिमुखिकरण कार्यक्रम, रिटर्नी स्वयंसेवक परिचालन, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता जस्ता कार्यक्रम सञ्चालनका लागि रु.२० लाख विनियोजन गरेको छु।

४७. मुख्यमन्त्रि ग्रामिण विकास तथा रोजगार कार्यक्रम सञ्चालन गरी स्थानीय स्तरमा रोजगारि सिर्जना गरी गरिवी निवारणमा टेवा पुर्याउनका लागि रु.७० लाख बजेट विनियोजन गरेको छु।

४८. नगरमा क्रियाशिल सहकारीहरुको क्षमता अभिबृद्धिका लागि सहकारी सचेतना कार्यक्रम, सहकारी शिक्षा, नेतृत्व विकास र आवश्यक तालीमका लागी रु.६ लाख बजेट विनियोजन गरेको छु।

४९. लघु उद्यम सम्बन्धी कार्यक्रमहरु संचालन गरी नयाँ उद्यमीहरु सिर्जना गर्ने, दक्ष उद्यमीहरुलाई प्रवीधी हस्तान्तरण गरी उद्यमशिलताको विकास गर्न रु.३६ लाख बजेट बिनियोजन गरेको छु।

५०. आन्तरिक पर्यटन तथा साँस्कृतिक पर्यटनलाई प्रवर्द्धनका लागि नगरक्षेत्रभित्र होमस्टे संचालन गर्न आधारभुत पूर्वाधार निर्माणका लागी रु.५ लाख बजेट विनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७८/ ७९ को क्षेत्रगत विनियोजन बजेट अन्तर्गत सामाजिक विकास तर्फको विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।

५१. स्थानीय भाषा संस्कृतिको जगेर्ना तथा प्रवर्द्धनका लागि स्थानीय पाठ्यक्रम एंवम् शैक्षिक रणनितिक योजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

५२. कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजिकरणका लागि वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालनका लागि रु.११ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

५३. प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता र विद्यायल कर्मचारी व्यावस्थापनका लागि रु.२ करोड ४६ लाख ८ हजार बजेट अनुदान दिने व्यवस्था मिलाएको छु।

Scanned with CamScanner

५४. विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहनका लागि रु.१ करोड [illegible] लाख ८१ हजार अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु । कक्षा ५ र ८ को परीक्षा व्यवस्थापन लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु ।

५५. सर्शत अनुदान तर्फ शैक्षिक क्षेत्रमा विनियोजित बजेट तोकिएको शिर्षकमा खर्च गर्ने व्यवस्था मिलाएको छु । नमुना विद्यालय शैक्षिक पूर्वाधार निर्माणकालागी रू.१ करोड ९ लाख रकम खर्च गर्ने व्यवस्था मिलाएको छु ।

५६. सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निशुल्क पाठ्य पुस्तक र सेनेटरी प्याड एवं दिवा खाजा र छात्रवृतिका लागि ३ करोड ७४ लाख ८७ हजार बजेट विनियोजन गरेको छु ।

५७. विद्यालयलाई प्रविधिमैत्री बनाउन सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई ईन्टरनेट सेवाको सुविधा सहित **एक विद्यालय एक ल्यापटपको** व्यवस्था मिलाएको छु ।

५८. आमा सुरक्षा, गर्भ संस्कार, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क सुरक्षित गर्भपतन सेवा सञ्चालनका लागि रु.२० लाख ८७ हजार बजेट विनियोजन गरेको छु ।

५९. मातृ तथा नव शिशु कार्यक्रम पोषण कार्यक्रम र किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रमका लागि रु.३४ लाख ८७ हजार विनियोजन गरेको छु ।

६०. आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको औषधी तथा सर्जिकल सामग्री खरिदका लागि रु. ४१ लाख बजेट विनियोजन गरेको छु ।

६१. महिला स्वास्थ्य स्वयंसेविकाहरुको मनोवल उच्च राखि काममा उत्प्रेरित गर्न प्रोत्साहन तथा यातायात खर्च उपलब्ध गराउन रु. ३४ लाख बजेट विनियोजन गरेको छु ।

६२. सिकलसेल एनिमिया, हात्तिपाइले, औलो तथा कालाजार, इन्फुएन्जा, वर्डफ्लु, क्षयरोग जस्ता रोगको निदानको लागि औषधि सहित आवश्यक कार्यक्रम सञ्चालनका लागि रु १५ लाख ८५ हजार रकम विनियोजन गरेको छु ।

६३. स्थानीय अस्पताल र बर्थिङ् सेन्टरमा प्रसुती हुने महिलाहरुलाई निशुल्क एम्वुलेन्स तथा यातायात सुविधा उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

६४. विभिन्न समुदायका पर्व, दिवस तथा माघी महोत्सव सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६५. विद्यार्थिहरुका लागि जुकाको औषधि तथ किशोरीहरुलाइ आइरन तथा फोलिक एसिड वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६६. नगरस्तरिय मेयरकपका लागि रु.८ लाख, राष्टपति रनिङ शिल्ड कपका लागि रु.४ लाख तथा अन्य खेलकुद कार्यक्रम सञ्चालनका लागि रु.३ लाख र **एक वडा एक खेल मैदान** निर्माणका लागि रु.२५ लाख गरी जम्मा रु.४० लाख बजेट विनियोजन गरेको छु ।

६७. स्वरोजगार सिर्जना हुने खालका विभिन्न सिपमूलक लक्षित कार्यक्रम, हिंसा पीडीत महिला, दलित, मुस्लिम, आदिवासी, जनजाती तथा अपाङ्गहरुको शसक्तिकरण तथा मूल प्रवाहीकरणका लागि बिभिन्न लक्षित कार्यक्रम संचालनका लागि रु. ४८ लाख बजेट व्यवस्था मिलाएको छु ।

६८. टोल विकास संस्था तथा उपभोक्ता समितिका पदाधिकारीको क्षमता विकासका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु ।

६९. पोषण सुधारकालागि विद्यालयमा खानेपानी तथा सरसफाइ,पोषण विशेष कार्यक्रम र पोषण सुधारका लागि विपन्न समुदायका महिला एवं सहकारीहरुका कार्यक्रमका लागि रु. ४४ लाख बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७८/७९ को भौतिक पूर्वाधार विकास तर्फ विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।

Scanned with CamScanner

७०. जनज्योति मा.वि. मोतिपुरको भवन निर्माणको लागि रु.१ करोड ६६ लाख संघीय सरकारको विशेष अनुदान कार्यक्रम अन्तर्गत बजेट विनियोजनको व्यवस्था मिलाएको छु।

७१. सिउटी प्रतिक्षालय चोक देखि हथौसा गाउ जोड्ने सडक कालोपत्रेका लागि संघीय सरकार समपुरक अनुदानबाट रू.४३ लाख र नगरबाट रु.४३ लाख गरी जम्मा रु.८६ लाख बजेट विनियोजनको व्यवस्था मिलाएको छु।

७२. तराई मधेस समृद्धि कार्यक्रम अन्तर्गत बिसनपुर चोक देखि पुरानो डिहि जोड्ने सडक कालोपत्रे लागि रू.३० लाख र नगरबाट रु.१० लाख गरी जम्मा रु.४० लाख र झुंगा चोक देखि तल्लो झुंगा हुदै काला बन्जर जोड्ने सडक कालोपत्रेका लागि रू.३० लाख र नगरबाट रु.१५ लाख गरी जम्मा रु.४५ लाख गरी जम्मा ९० लाख बजेट विनियोजन गरेको छु।

७३. प्रदेश सम्पूरक अनुदान अर्न्तगत वन्डौली गन्सहवा देखि चप्परगाउँ जोडने सडक कालोपत्रे,गडेहडा तिनकुनेचोक देखि गन्गोलिया हुदै राजापानी जोडने सडक कालोपत्रे, चम्किपुर देखि ठाँटि जोडने सडक कालोपत्रे र भावपुर भेलरैया गोवापुर विरपुर हुदै मिलनचोक जोडने सडक कालोपत्रेका लागि रु.२ करोड र नगरको रु.२ करोड गरी जम्मा रु.४ करोड बजेट विनियोजन गरेको छु।

७४. ओदारी लिटिल स्टार हुदै भडसडवा जोडने सडक कालोपत्रेका लागि रु. १० लाख, कपिलवस्तु संचार सहकारी जाने सडक कालोपत्रेको लागि रु. १० लाख बजेट विनियोजनको व्यवस्था मिलाएको छु।

७५. विद्यालय मर्मत सम्भारको लागि रु. २० लाख र विद्यालयको भौतिक पुर्वाधार निर्माण अन्तर्गत कक्षाकोठा निर्माणको लागि रु. ६० लाख विनियोजन गरेको छु।

७६. **हाम्रो वडा हाम्रो गौरव** सन्तुलित विकासका लागि नगरस्तरीय योजना अन्तरगत भौतिक पूर्वाधारको क्षेत्रमा खर्च गर्ने गरी प्रत्येक वडामा रु ४५ लाखका दरले रु ४ करोड ९५ लाख बजेट विनियोजन गरेको छु।

७७. नगरपालिका भित्र रहेका विभिन्न सडकहरु तत्काल मर्मत गर्नुपर्ने अवस्थाका लागि मर्मत सम्भारको गरी रू.३० लाख बजेट विनियोजन गरेको छु।

७८. लागत सहभागिता (७०/३०) आधारित भौतिक पूर्वाधार निर्माणका लागि रु.२ करोड बजेट विनियोजन गरेको छु।

७९. चप्परगाँउ बुद्धपथ सिँचाइ कुलो निर्माणका लागि रु. १५ लाख बजेट विनियोजनको व्यवस्था मिलाएको छु।

८०. पिपरा अस्पतालको भौतिक संरचना निर्माण तथा स्तरोन्नतिका लागि रु. १ करोड र कपिलवस्तु सामुदायिक अस्पतालको व्यवस्थापकीय सुधारका लागि रु. १२ लाख बजेट छुट्याएको छु साथै पिपरा अस्पताललाई ५० बेडको अस्पताल तथा ट्रमा सेन्टरको रुपमा विकास गर्न संघ तथा प्रदेश सा।कारसंग आवश्यक सहकार्य गर्ने व्यवस्था मिलाएको छु।

८१. नगरका स–साना खानेपानी योजना मर्मत, विद्युत पोल तथा तार खरिदका लागि आवश्यक बजेट बिनियोजन गरेको छु।

८२. नगरभित्रका सामुदायिक भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८३. झुलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तरगत राम दत्तिवन धाम, धनेशपुर-वैकुन्ठपुर, कपिलधाम घिरि खोला र मधुवनधाम र कैलाशधाम जोड्नका लागि प्राथमिकताको आधारमा झोलुङ्गे पुल निर्माणका लागि रु ३१ लाख बजेटको व्यवस्था मिलाएको छु।

८४. बाणगङ्गा चक्रपथ निर्माणका लागी आवश्यक बजेट विनियोजन गरेको छु।

८५. सबारी साधनको बढ्दो चांपबाट हुन सक्ने दुर्घटना, चोरी निकासी जस्ता अपराधजन्य क्रियाकलापहरुबाट आम नगरवासीलाई सुरक्षाको प्रत्याभूती दिलाउन CCTV संजाललाई थप बिस्तार गर्नका लागि रु.४ लाख बजेट विनियोजन गरेको छु।

Scanned with CamScanner

८६. सार्वजनिक जगाको बढ्दो अतिक्रमणलाई रोक्न सार्वजनिक जग्गा संरक्षण कार्यक्रम अन्तर्गत [illegible] लाख बजेट विनियोजन गरेको छु ।

८७. ज्येष्ठ नागरिक अधुरो भवन निर्माणका लागि रु.१० लाख, ढोडेकोल स्थित बम्हाकुमारी अधुरो भवन निर्माणका लागि रु ५ लाख, मन्द्रेली टोल सामुदायिक कम्पाउण्ड वाल निर्माणको लागि रु १० लाख र एक वडा एक ज्येष्ठ नागरीक दिवा सेवा केन्द्र व्यवस्थापन तथा संचालनका लागि रु.५ लाख ५० हजार बजेटको व्यवस्था मिलाएको छु। साथै जिर्ण भएका वडा कार्यालय भवन निर्माणका लागि संघ तथा प्रदेश सरकारको समन्वयमा निर्माण कार्य अगाडी बढाउने व्यवस्था मिलाएको छु ।

८८. वडा नं. ३ को प्रशासनिक भवन आगामी आर्थिक वर्षमा सम्पन्न हुने गरी निर्माण गर्नका लागि रु.१ करोड विनियोजन गरेको छु ।

८९. ओदारी गाउँ भित्र नाली निर्माण तथा सडक कालोपत्रेका लागि रु.२० लाख बजेटको व्यवस्था मिलाएको छु ।

९०. विभिन्न वडाहरुमा गाउँघर क्लिनिक तथा खोप केन्द्रको पूर्वाधार निर्माणका लागि रु.३० लाख बजेट विनियोजन गरेको छु ।

९१. ब्लड बैंकको प्राविधिक सामाग्रि खरिदका लागि रु १० लाख र सडक पूर्वाधार निर्माणका लागी रु.४ लाख गरी जम्मा रु १४ लाख बजेटको व्यवस्था मिलाएकोछु ।

९२. सडक बोर्ड अन्तर्गत विभिन्न सडक मर्मत सम्भारका लागि संघ वाट रु.३५ लाख र नगरबाट रु १० लाख गरी जम्मा रु ४५ लाख बजेट विनियोजन गरेको छु ।

९३. राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा अनुदानतर्फ प्राप्त रु.८ लाख बजेटलाई उर्जा उत्पादन तथा बायो ग्यास जडानमा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७८/७९ को वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।

९४. फोहोर प्रशोधन प्लान्ट जडानका लागि प्रारम्भिक वातावरणीय अध्ययन, ल्याण्डफिल्ड साईडको डिपिआर तयार गरी फोहोरलाई मोहोरमा वदल्न सार्वजनिक, निजी, सहकारी र समुदायको साझेदारीमा ल्यान्डफिल्ड साइट तथा फोहर प्रसोधन केन्द्रको प्रारम्भिक पूर्वाधार निर्माण लगायतका कार्यहरु गर्नका लागि रु.६० लाख बजेट विनियोजन गरेको छु ।

९५. सडकहरुको दिगोपना र वातावरणीय सन्तुलन एवम् शहरी स्वच्छताका लागी भौतिक संरचना निर्माण गर्दा सडक किनारको दुवैतिर वृक्षारोपण गर्न व्यावस्था मिलाएको छु ।

९६. मधौलिया सामुदायिक वन फोहोर मैला व्यावस्थापन माटो पटान र वृक्षारोपणका लागि रु १० लाख बजेट विनियोजन गरेको छु । उक्त सामुदायिक वनसंगको सहकार्यमा बसपार्क निर्माणको कार्य अगाडी बढाउने व्यवस्था मिलाएको छु ।

९७. प्राकृतिक तथा मानव सृजित विपद्को पूर्व तयारी, प्रतिकार्य, उद्धार सामग्री व्यवस्थापन, राहत वितरण जस्ता कार्यका लागि नगर प्रकोप व्यवस्थापन कोषमा रु.५० लाख बजेटको व्यवस्था मिलाएको छु ।

९८. "म सफा गर्छु मेरो नगर" सरसफाइ अभियान निरन्तरताका लागी रु.५ लाख विनियोजन गरेको छु ।

९९. खुला दिसामुक्त नगरको शुनिश्चितता तथा दिगोपनाका लागि शौचालय नभएका अति बिपन्न परिवारका घरधुरीमा शौचालय निर्माणका लागि सामग्री अनुदान उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

सभाध्यक्ष महोदय,

अब म आ.व. २०७८/७९ को सुशासन तथा संस्थागत विकास तर्फ विनियोजित बजेट प्रस्तुत गर्न अनुमति चाहान्छु ।

Scanned with CamScanner

१००. नगर भित्र निर्माण हुने संरचनाहरुको मापदण्ड नियमन एवं प्राकृतिक स्रोत दोहन न्यूनीकरणका लागि नगर प्रहरीको व्यवस्था गर्न रू १५ लाख बजेट विनियोजन गरेको छु।

१०१. सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको एकिन तथ्याङ्क निर्धारण गरी सवै प्रकारका सामाजिक सुरक्षाका कार्यक्रमलाइ सहज, पारदर्शि र मर्यादित वनाउन कर्मचारी तथा कार्यलय व्यवस्थापन समेतका लागि रु १९ लाख बजेटको व्यवस्था मिलाएको छु।

१०२. मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनीकरणको वस्तुगत तथ्याङ्क अभिलेखीकरणका लागी विद्युतिय सुचना प्रविधिमा आधारित नगर प्रोफाइल निर्माण गर्ने कार्य सम्पन्न भैसकेकोले प्रोफाईलकै आधारमा घरधुरी नम्बरिंग तथा अभिलेखीकरण र वडाहरुको खण्डिकृत प्रोफाईल निर्माण गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१०३. नगरको समग्र सेवा प्रवाह तथा विकास गतिविधि आम जनतासँग पुऱ्याउन पत्र पत्रिका रेडियो, टेलिभिजन कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१०४. आम नगरवासीलाई अध्ययन, अनुसन्धान तथा सूचनाको आधुनिक प्रविधिसँग जोड्न नगरपालिका भित्र १ ज्ञान केन्द्र स्थापना गर्ने व्यवस्था मिलाएको छु।

१०५. वरवा शहरी स्वास्थ्य क्लिनिकको लागि रु ३ लाख, स्वास्थ्य चौकीको अधुरो ट्रष्ट निर्माणको लागि रु ८ लाख, वडा नं १, ३, ६ र ७ को आधारभुत स्वास्थ्य केन्द्रको तारवारको लागि १२ लाख र नवस्थापित आधारभुत स्वास्थ्य सेवा केन्द्रमा कार्यरत करार तथा ज्यालादारीमा कार्यरत कर्मचारी तथा प्रशासनिक कार्यको लागि रु १५ लाख बजेट विनियोजन गरेको छु।

१०६. राष्ट्रसेवक कर्मचारीहरुको कार्यक्षमता वृद्धि र उच्च मनोवल कायम गरी कार्यस्थलमा खट्ने वातावरण तयार गर्न कर्मचारीहरुका लागि कार्य सम्पादनमा आधारित प्रोत्साहनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१०७. देश भित्रका आर्थिक, सामाजिक, साँस्कृतिक, भौगोलिक पक्षहरुको मौलिक अध्ययन र त्यसको सकारात्म प्रभावलाई नगरको समग्र विकासमा सामेल गराउन देश दर्शन कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७८/७९ को राजश्व सम्वन्धि कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१०८. प्रचलित कानून बमोजिम लगाउन सकिने राजश्वका सबै श्रोतहरुको वस्तुपरक पहिचान, विश्लेषण, प्रक्षेपणलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाई राजश्वको दायरा बृद्धि गर्दै नगरपालिकालाई आत्म निर्भर बनाउदै लैजाने व्यवस्था मिलाएको छु। साथै समयमा नियमित कर बुझाउने करदाताहरुलाई करमा छुट, सहुलियत दिने व्यवस्था मिलाएको छु।

१०९. एकल महिला, अशक्त, जेष्ठ नागरीकहरुले नगरपालिकाबाट लिने सिफारिसहरु निशुल्क तथा अन्य सेवाहरुमा आवश्यक छुट सहुलियत उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

११०. आन्तरीक आय अभिबृद्धिका लागि स्रोतहरुको सम्भाव्यता अध्ययन गरी राजश्व सुधार कार्ययोजना तयार पारि कर सचेतना, घुम्ति शिबिर, कर सम्वन्धि प्रशिक्षण जस्ता कार्यक्रमहरु कार्यान्वयनमा ल्याईएको छ। राजस्व संकलनलाई करदाता मैत्री बनाउन सम्पूर्ण वडाहरुमा सूचना प्रविधिमा आधारित कर संकलन प्रणालीलाई व्यवस्थापन गरी करदाताहरुले बुझाउनु पर्ने सबै प्रकारका करहरु सवै वडाहरुमा बुझाउन सकिने व्यवस्था मिलाएको छु।

१११. नगरपालिकाबाट माथि उल्लेखित कार्यहरु पूरा गर्न आन्तरीक आयका स्रोतहरुबाट ३ करोड ३७ लाख ६५ हजार, संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान रु.९३ करोड ८७ लाख २१ हजार , राजश्व बांडफांडबाट २२ करोड ६७

Scanned with CamScanner

लाख ६२ हजार ४ सय ८०, लागत सहभागिताबाट २ करोड ५०लाख र चालु आ.व.मा विनियोजन भएको रकम मध्ये खर्च नभइ बांकी रहन सक्ने रु.५ करोड ९० लाख अनुमान गरी जम्मा १ अर्ब २८ करोड ३२ लाख ४८हजार ४ सय ८० को बजेटको व्यवस्था मिलाएको छु।

सभाध्यक्ष महोदय,

११२. जनस्तरबाट वास्तविक समस्या पहिचान गरी माग भई आएका तर नगरपालिकाको स्रोतबाट संचालन गर्न प्राथमिकतामा राखी संघ तथा प्रदेश सरकारसंग माग तथा पहल गर्ने व्यवस्था मिलाएको छु।

११३. सीमित साधन र स्रोतका बावजुत प्रस्तुत बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट नगरबासीहरुको जीवनस्तरमा सुधार आउनुका साथै जनतासग स्थानीय सरकारको उपस्थिति थप प्रभावकारी हुँदै जानेछ भन्ने विश्वास लिएको छु।

११४. नगरपालिकाले अवलम्बन गरेको स्पष्ट रणनीति, समन्वय, सहकार्य र नगरबासीहरुको ऐक्यवक्कताले विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरसको संक्रमणबाट जीवन रक्षा गर्न प्रत्यक्ष र अप्रत्यक्षरुपमा सहयोग गर्नु हुने विभिन्न संघसंस्था एवं नगरबासीहरु प्रति आभार व्यक्त गर्दै आगामी दिनमा समेत स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरी सुरक्षित जीवनशैली अपनाउन सबै नगरवासीहरुमा अनुरोध गर्न चाहान्छु.।

११५. बिपदमा परेका जनताहरुलाई सहयोग गर्ने उदेश्यले नगरबाट स्थापना गरिएको प्रकोप व्यवस्थापन कोषमा नगद तथा जिन्सी सहयोग गर्नुहुने सम्पुर्ण व्यक्ति एवं संघसंस्थाहरुलाई विशेष धन्यबाद दिन चाहान्छु।

११६. बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा उल्लेखनीय सहयोग गर्नु हुने माननीय संघीय तथा प्रदेश सांसद ज्यूहरु, पूर्व माननीय सांसदहरु ज्यूहरु, नगर प्रमुखज्यू, नगरमा क्रियाशिल राजनितिक दलहरु, वडाध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, राजश्व परामर्श समिति, विभिन्न विषयगत समिति, टोल विकास संस्था, स्थानीय बुद्धिजिवी, नागरिक समाजका अगुवा, संघसंस्था, सहकारी, निजीक्षेत्र एवं संचारकर्मीहरुलाई विशेष धन्यवाद दिँदै आभार व्यक्त गर्न चाहन्छु। बजेट निर्माण कार्यमा अहोरात्र खटिई सहयोग गर्नुहुने नगरपालिकाका कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु। हामीलाई रचनात्मक सुझाव र सल्लाह दिई नगरको आर्थिक र सामाजिक रुपान्तरण तथा समृद्धिमा निरन्तर सहयोग पुर्‍याउने सबै करदाता र नगरबासी प्रति आभार प्रकट गर्दछु।

११७. अन्त्यमा, यस गरिमामय नगरसभामा उपस्थित हुनुहुने नगरसभाका सदस्यहरु प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्न चाहान्छु। प्रस्तुत बजेट तथा कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई मार्गदर्शनको रूपमा लिएर अगाडि बढ्ने विश्वास दिलाउँदै प्रस्तुत बजेट र कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको निरन्तर सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद।

मिति:२०७८।०३।०९

चक्रपाणी अर्याल
नगर उप–प्रमुख

Scanned with CamScanner